# एजिङ्ग, डिसेबिलिटी & भेटेरन सर्भिसेस डिभिजन
# एजिङ्ग एरिया प्लानमा 2017-2020 एरिया एजेन्सी

## समुदायमा समावेशी

**89%**

**वर्गिय, जातीय वा साँस्कृतिक**



**474**

**सहभागीहरु**



**68%**

**सिमित अंग्रेजी दक्षता भएकाहरू**




## एरिया प्लानका लक्ष्यहरु

**ईन्फरमेसन एन्ड एसिस्टेन्स (I &A) र एजिङ्ग एन्ड डिसेबिलिटी रिसोर्स कनेक्सन (ADRC)**

- पहुँचमा रहेको आईसोलेसन (अलग्याउनु) र बाधाहरु हटाउने।
- समुदायले ADRC एक महत्वपुर्ण स्रोतको रुपमा लिएको छ।

**पोषण सेवाहरु**

- वृद्ध मानिहरुको स्वस्थ खानामा सहज पहुँच हुनेछ जुन कम खर्चिलो हुनुका साथै स्वस्थ आहारको पूर्ति पनि गर्नेछ।
- खाद्ध सुरक्षामा समानताको नेतृत्व गर्नुहोस्।

**स्वास्थ्य प्रवर्द्धन**

- वर्गिय, जातीय, साँस्कृतिक अल्पसंख्यक र अन्य न्युन सेवा प्राप्त गर्ने वृद्धहरुको सेवा सुविधाहरुमा काउन्टी-स्तरिय पहुँच र प्रयोगको सुधार गर्ने।
- सामाजिक सन्जाल र स्वास्थ्य प्रोत्साहन कक्षाहरुमा बनाएका महत्वपूर्ण सम्बन्धहरुले आईसोलेसन कम हुनेछ।

## पारिवारिक स्याहारकर्ता

- पारिवारिक स्याहारकर्ता लागि गुणस्तरीय सेवाहरु प्रदान गर्ने।
- परिवार र विविध साँस्कृतिक पृष्ठभुमिको अनौपचारिक स्याहारकर्ताहरूको आवश्यता र प्राथमिकताहरु पूर्ति गर्नको लागि, राहत सेवाहरु सहित पारिवारिक हेरचाह सेवा र स्रोतहरुको प्रवर्द्धन गर्ने।

## ज्येष्ठ नागरिकका अधिकारहरू र कानुनी सहायता

- स्रोत, पहुँच र आर्थिक स्थिरतालाई विशेष ध्यान दिई ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूमाथि हुने दुर्व्यवहार, आर्थिक शोषण र उपेक्षाबाटसुरक्षा पाएका छन् भनी सुनिश्चित गर्ने।
- कानुनी सहायता, समकक्षी सहायता र ज्येष्ठ नागरिकको वकालत जस्ता सेवाहरूमा पर्याप्त र न्यायसंगत पहुँच सुनिश्चित गर्ने।

## अमेरिकी मूलका ज्येष्ठ नागरिकहरू

- संस्कृति विशेष सेवाहरुमा पहुँचको वृद्धि गर्ने र अमेरिकी मूलका जेष्ठ नागरिकहरुले पहिचान गरेको आवश्यकताहरुको लागि सहायता गर्ने।
- शहरी क्षेत्रका अमेरिकी मूलका जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्ने एजेन्सीहरुमा क्षमता-वृद्धिलाई प्रवर्द्धन गरेर उनीहरूका सेवाहरुमा वृद्धि गर्ने।

## स्वास्थ्य प्रणाली परिवर्तन

- जेष्ठ नागरिक र अपाङ्गता भएका वयस्क मानिसहरुसँग सम्बन्धित हेरचाहको समन्वयमा सुधार गर्ने, हेरचाह समन्यवमा सदस्यहरुको सहभागीतामा वृद्धि गर्ने, सम्पूर्ण परिवेशहरुको परिवर्तनमा समन्वयको सुधार गर्ने र क्रस-प्रणाली शिक्षामा सुधार गर्ने।

## व्यवहारिक स्वास्थ्य

- व्यक्तिहरु जसलाई सेवाहरुको आवश्यकता पर्छ तिनिहरुलाई थाह हुन्छ कि कहाँ जानुपर्छ र सेवाहरु खोज्नको लागि सहज महसुस गर्छन्।

- एक प्रणाली भित्र समावेश नहुने धेरै आवश्यकता सहितका व्यक्तिहरुको लागि सेवा र सहायता प्रदान गर्ने प्रणालीको विकास गर्ने।

**बरिष्ठ नागरिकहरु**

- आफ्नो व्यक्तिगत हेरचाह आवश्यकताहरु पूरा गर्ने तथा कायम राख्न वृद्धहरुले सुविधाहरुको लागि संघिय भेटेरन एड्मिनिस्ट्रेसनका साथसाथै स्टेट तथा काउन्टी स्रोतहरुमा आवेदन गर्छन र सुविधाहरु प्राप्त गर्छन्।

**परिवहन समन्वय र स्रोतहरु**

- परिवहन समन्वय र स्रोतहरु तुरुन्तै उपलब्ध हुनेछन्, नेभिगेट गर्न सजिलो हुनेछन् र ADVSD सेवा क्षेत्रहरुमा समानुपातिक रुपमा बाँडिनेछन्।